# पूर्व–पश्चिम राजमार्गको सवाई

# पूर्व–पश्चिम राजमार्ग
# को
# सवाई

प्रकाशक
श्री ५ को सरकार, पञ्चायत मंत्रालय
प्रचार विभाग

पहिलो पटक १५,०००
वि. सं. २०२०
"क" श्रेणी

श्री ५ को सरकारको छापाखानामा मुद्रित

# पूर्व–पश्चिम राजमार्गको सवाई

सून सून पन्चहो म केहि भन्छु
पूर्व पश्चिम राजमार्गको सवाई कहन्छु ।
दुई हज्जार अठ्ठार साल मार्ग गते तिन
हाम्रा राजा महेन्द्रले हुकुम दिए सुन ॥

बाटो घाटो हाम्रो नभै देशको भलो हुन्न
देशको भलो नभैकन हाम्रो भलो हुन्न ।
नेपालीको पहिलो खांचो मेची काली बाटो
बनाउ भनि चिच्याउँछ नेपालको माटो ॥

शताव्दीको अज्ञानता गरिबीलाई फाल्न
नयाँ युग हिंडन सक्ने नयाँ ज्योति बाल्न ।
नेपालीको पसिनाले नेपाल बनाउन
विकासको संगीतले धरती रसाउन ॥

नेपाली हो जाग अब शुभकर्ममा लाग
इतिहासले गर्न थाल्यो यो बाटोको माग ।
मेची काली बाटो बने सबको हुन्छ भलो
थाल थाल बाटो खन्न नगर है ढीलो ।।

धनका हामी गरिबछौं मनका हामी धनी
आफ्नै खुट्टा दरो पारी फेर्नु पऱ्यो जुनी ।
सानोलाई सानो मानी हामी हेप्दैनौं
ठुलोलाई ठूलो मानी हामी झुक्दैनौं ।।

आजसम्म हामी जियौं आफ्नै सान मानमा
भोली पनि हामी अडौं नेपाली इमानमा ।
हार भन्ने यो देशको माटो भित्र छैन
प्रकृतिले आजसम्म साथ छाडेको छैन ।।

नेपाल तिम्रो बनाउने भयो अब बला
यो दिन पनि उम्कयो भने सबै पछौंफेला ।
नेपाली हो होष्टे हैसे मात्र गरी देऊ
चोखो दिलले एक हात मात्र खनी देउ ।।

तिम्रो हाम्रो पुरूखाको स्वप्न पुरा हुन्छ
एकै दिनमा मेची देखि महाकाली हुन्छ ।
चाहे पुगौं चन्द्रलोक चाहे ईन्द्रलोक
मेची काली उन्नतिमा हाम्रो सुख दुख ।।

हाम्रा राजा महेन्द्रले कहे ठुलो कुरा
मेची देखी महाकाली बाटो बनाउ पूरा ।।

विदेशीको मूख मात्रै किन यसै ताकने
सूर वीर तन्नेरी हो किन यसै थाकने ।
अब आफ्नै पौरखले आफू चिनाउने
अब आफ्न मेहनतले दश फूलाउने ।।

प्रकृतिले दिएको छ धनको ठुलो रास
अझै उल्टो गर्छौं हामी पराईको आस ।
चिनाउंदै दाजुभाई हटाउँदै फाटो
खनौं पहिले मेची काली जोर्ने नयाँ बाटो ।।

तराईको मैदानमा रेल कुदाईद्यौ
पहाडका कान्ला कान्ला मटर पुराईद्यौ ।
पहरा र पाखा फारी पौरख देखाईद्यौ
मेची काली जाने बाटो चाँडो वनाईद्यौ ।।

गाउँले दाई गाउँमा चलाउ निर्माणको भेला
हात भरी ठेला पार्ने भयो अब भेला ।
यस्तो बेला यसै गए पछुताउनु पर्ला
नेपालका तन्नेरी गै विदेशमा मर्ला ।।

सबका साजा राजा माथी गरी अब भर
बाटो खन्ने ज्वावल बोकी अब अघि सर ।
हाम्रो घरको करेसामा पुग्ने पहिलो राजा
हामीलाई बजाउ भन्छन् निर्माणको बाजा ॥

नेपाली हो सोच अब सोच अब सोच
हृदयमा देश प्रेम झिक नया जोस ।
आफ्नो जन्म भूमिलाई स्वर्ग जस्तो पार्न
छाडनु हुन्न कसैले नी पाईला अघि सार्न ॥

जुन माटोमा जन्मीएर जून माटोमा अड्यौं
सुख दुःख भोगी जहाँ हाँसी खेली रह्यौं ।
त्यै देशको कथा भन्छु सुन दिई ध्यान
हित हुन्छ के गरेमा यस कुरालाई जान ॥

नेपालको दक्षिण भारत उत्तर हिमाल
पश्चिम बग्ने काली गंगा पूर्व मेची पुछार ।
सेता अग्ला चुचूराले मुकुट झैं घेरेको
हिमाल चुली मुनी हाम्रो नेपाल रहेको ॥

सुन बग्ने नदी नाला चाँदि फूल्ने वन
खेती पाती जडी बुटी यो देशको धन ।
तराईको मैदानमा धानको बाला झुल्छन्
पहेंल पुर तोरी फूल तारा जस्तै फूल्छन् ॥

हिमालका मकै कोदो गहत जूनेलो
डांडा डांडा लटरम्म फल फूल रसिलो ।
काफलु र ऐंसेलुले लोभ्याउँछ मन
कस्तुरीको बासनाले गम्काउँछ वन ॥

बाहुन क्षेत्री नेवार गुरूङ भोटे मगर राईले
तेली थारू दनुवार एकै देशका भाईले ।
आफ्नो देश बनाउन पौरख गरी साराले
वस्ती यहाँ बसालेथे पसीनाको धाराले ॥

झुल्के घाम सधैं च्याउँछ सांझ र बिहान
मन्दीरका गजुर दिन्छन् संधै वरदान ।
भेरीको संचार ल्याउँछ करेसोको बादल
तराईगाउंछ ढोलकमा पहाड ठोक्छ मादल ॥

जनक जस्ता कर्मयोगी थिए यहि देशमा
वुद्ध जस्ता ज्ञानी पनि जन्मे यहि देशमा ।
शिव जस्ता योगी बसे रक्षा गर्नलाई
रिषी मुनी तप गर्थे यै थलोमा आई ॥

यै देशमा छ धरतीको शान हिमालय अग्लो
एसीयामा गाड्यो जस्ले स्वतन्त्रको भैलो ।
आजको यो शुभ घडी नजान्न देउ खेर
नेपाली हो नेपालको इतिहास हेर ॥

यहाँ पहिले साना साना राज्यहरू थियो
आपसमा काट मार दूर्षाद्वैष थियो ।
चन्द्र सूर्य झण्डा मनी नेपाल सुहायो
महेन्द्रको पुरखाले विशाल गरायो ॥

चन्द्र सूर्य झण्डा हाम्रो संधै फहराउँछ
हिमालय मुनी हाम्रो नेपाल लहराउँछ ।
वीरहरूले मरी मेटी यसलाई अडाए
नेपालीले नेपाललाई फूलबारी बनाए ॥

क्यै कुराको कमि छैन हाम्रो यस देशमा
मिली जुली काम गरे जेपनि छ यसमा ।
सून खानी तामा खानी हाम्रै बाटो हेर्छन्
नून खानी पग्लीएर सुनकोशीमा झर्छन् ॥

जंगलका जडी बुटी हामीलाई डाक्छन्
पाखा पर्ति वगर चहुर हाम्रै गुहार माग्छन् ।
प्रकृतिले हामीलाई नदिएको हैन
दुर्दशाले गर्दा खेरी हरि दियो चैन ॥

एक वखत हामीहरू थिचिएका थियौं
जहानिया राज काजमा मिचिएका थियौं ।
हाम्रो मनको धोको सँधै मनै भित्र हुन्थ्यो
घांसे फूल जस्तो भई त्यसै झर्नु पर्थ्यो ॥

बाटोघाटो धारा पूल बाँध पर्दैन पनि
कल्ले आई बनाई दिन्थ्यो हाम्रो लागी भनि ।
अन्याईले हामीलाई जोतेर नै मारे
सँधै दुःख कष्ट दि बिचल्लीमा पारे ॥

एक सत सम्म हामी पिसीएर मर्‍यौं
सात सालमा क्रान्ति गरी नयाँ जुनी फेर्‍यौं ।
तिम्रो हाम्रो देश भित्र बिहानीले च्यायो
राजा प्रजा मिली लड्दा प्रजातन्त्र आयो ॥

जनताका नाईकेहरू राज गर्नलागे
जनताले स्वतन्त्रताको स्वास फेर्न थाले ।
नेताहरू लागे जब आफ्नो स्वार्थ सोध्न
प्रजातन्त्र मजाएर देशको ज्ञान बेच्न ॥

एक दशसम्म यस्को खुबै बाटो हेर्‍यौं
उभो जाने साटो हामी उँदो उँदो झर्‍यौं ।
वीर जाती नेपालीको शीर झुक्न लाग्यो
शान मान विदेशीको खुट्टा पर्न लाग्यो ॥

देश भर लुट मार हाहाकार भयो
सुख भन्दा जनताले उल्टो दुःख पायो ।
यो देशको अस्तित्वलाई खतराले हेर्‍यो
भविष्यको इतिहासलाई अन्धकारले घेर्‍यो ॥

असैह्य भो यस कुराले दुनियाका रजालाई
छट्पट भयो भित्रभित्रै नेपालीका साझालाई ।
नेपाल र नेपालीका एक मात्र साझा
साहसीलो कदम चाल्न अघि सरे राजा ।।

माथीबाट लादिएको प्रजातन्त्र फाली
यो देशलाई सुहाउने नयाँ ज्योती बाली ।
यै देशको हावा पानी माटो सुहाउने
चाँजो गर्न लागे राजा नेपाल उठाउने ।।

हाम्रो धर्म परंपरा संस्कृति मिल्ने
समयको अनुकुल जन इच्छा फूल्ने ।
शक्तिको र सम्पतिको गरेर जडान
राजाले नै ल्याई दिए सुनौलो विहान ।।

देश भर काम मामको पहिलो खाँचो टार्न
नेपाल र नेपालीमा माया प्रीति सार्न
धनिगरिब उच्च निच भेद भाव मासी ।
मेची देखि महाकाली एउटै माला गाँसी ।।

यो देशमा हर शक्तिको मूल फुटाउन
विकास र निर्माणको होड चलाउन ।
आह्वान गर्छन् हाम्रा राजा देश उठाउन
मेचीदेखि महाकाली बाटो बनाउन ।।

पृथ्वीले छरीएका नेपालीलाई गाँसे
महेन्द्रले मेची काली जोर्न अब आँटे ।
पृथ्वीको पुरूखाना नयाँ ज्योती आयो
बल्ल आज नेपालीले उम्दा राजा पायो ।।

राजा आज्ञा शीरोपर गर सबै जनले
बाटो बनाउ मेची काली तनमन धनले ।
कुन देशको उन्नति भो बिना बाटो घाटो
हेर सोच राम्रोसंग खन नया बाटो ।।

फार्नु पर्छ हामीले नै अन्धकार फाटो
हामीले नै बनाउनु छ आफु हिड्ने बाटो ।
हामी उठे यो देशमा हरियाली छाउँछ
हामी सुते यो देशमा बालूवाले गाउँछ ।।

आफ्नै देशमा जानलाई विदेश घुम्नु पर्ने
लाज लाग्ने कुरा हो यो सबले बुझ्नु पर्ने ।
मेची देखी महाकाली जब बाटो बन्छ
तब मात्र नेपालीको भाग्य ढोका खुल्छ ।।

बाटो बने गाउँ गाउँमा बेसा सस्तो हुन्छ
नेपालीले नेपालमै काम माम पाउँछ ।
जति सक्यो चाँडो बनाउँ पूर्व पश्चिम बाटो
पर्ति चउर ढुङ्गे भीर खनिदेउ पाटो ।।

धन हुनेले धन देउ जन हुनेले जन
बाल बुढा तन्नेरी हो बार एक मन ।
झारी आफ्नो पसीना देश आफ्नो पोस
बाटो बनाउँ मेची काली तिनसय कोस ।।

सबै जनले होष्टे हैंसे एकै मनले भन
नेपालीले दिए हुने मेहेनत र श्रम ।
थोपा थोपा मिलेर नै नदी बनी बग्छ
एक एक गेडा मिली एक मुरी बन्छ ।।

भाला बर्छा गाल अब कोदाली बनाउ
सावेल र पिकको मिठो संगीतमा रमाउ ।
बल गरेर पहरामा छिन टोकी देऊ
निधारको पसिनाले छारो टिप्न देऊ ।।

तन्नेरीले एक हात खनि दिए पुग्छ
तरूनीले एक एक खेप माटो फाले हुन्छ ।
मेची देखि महाकाली बाटो बन्छ बन्छ ।।

डाँडा काँडा मटर कुद्ला घारें घुरै गरी
नयां नयां वस्ती बस्ला पाखा चउर मरी ।
किसानले श्रमको मोल पूरा पूरा पाउला
आफ्नै देशमा आफ्नै देशको मालताल आउला ।।

डोटीको भाई इलामको वैनी भेटन आउला
धनकुटाको सुन्तला पाल्पालीले पाउला ।
खप्तरको निगालो तेरथुम पुग्ला
बजाङको च्याखुरा भद्रपुर पुग्ला ।।

चितौनको तोरी रेलले नेपालगंज लग्ला
तराईको धान रहर लेक बेसी पुग्ला ।
हिमालको जडी बुटी धेरै बिक्री होला
खपत हुँदा गुईचे गुरूङ बख्खु धेरै बुन्ला ।।

भोजपुरको च्याब्रङ नृत्य सल्यानीले हेर्ला
थाक खोलाको सेब्रु नृत्य सप्तरिमा पुग्ला ।
जनकपुरको मैथली गीत डोटीलीले गाउला
काठमाण्डूको व्याचलीमा प्यूठानी रमाउला ।।

फूल चोकीको फलाम कर्नालीमा पुग्ला
त्रिशुलीको बिजुलीले विरगंज रम्ला ।
तराईको मजूर बोकि विल्टु लेक चढ्ला
कस्तुरी र डाँफे बोकी साईंलो तल झर्ला ।।

डम्फूबजाई आङबाबुले तमाङसेलो गाउला
मादलमा वहनेले चुटके भाका ल्याउला ।
ढोलकमा नथुनीले मैथनी गीत भ्याउला
आफू चिनाई भाई भाई हृदय मिलाउला ।।

स्कूल बन्ला अस्पताल तिम्रो हाम्रो गाउँमा
मील खुल्ला बत्ति बल्ला देशका अनेक ठाउँमा ।
हामी सुखि बन्दै जान्छौं देश धनि बन्ला
तिम्री लेख इतिहास छोरा नाती पढ्ला ॥

खम्बाहरू गाडीने छन् टेलीफून तारका
पक्की घर बन्दै जान्छन् नयाँ नयाँ पारका ।
अबिरल रेल मटर कुदी नै रहन्छ
खुम्चीएको देश हाम्रो जऱ्याकजुरूक उठ्छ ॥

कुनै पनि देशको रक्षा बाटो नभै हुन्न
कुनै पनि देश उँभो बाटो नभै जान्न ।
युगौंको यो अज्ञानता फाल्न कालो दाग
नेपाली हो मेचीकाली बाटो खन्न लाग ॥

आफ्नो देशलाई बनाउनु नभनि देउ पख
मेची काली बाटो खन्न नमाने है धक ।
विदेशीको दैलो बाटो आफ्नो घर जान
स्वाभिमानी नेपालीलाई नमिलेको ठान ॥

पूर्व पश्चिम बाटो बने सुखि होलान सबै
हाम्रो रक्षा गर्ने सरकार बलियो होला तबै ।
कुन ठाउँमा के के भयो अब के के हुन्छ
देशभरको ताजा खबर सरकारलाई मिल्छ ॥

न्याय पाउँछ जनताले देशमा शान्ति छाउँछ
देशको भलो गर्न सरकार चारैतिर भ्याउँछ ।
नेपालीले नेपाली देख्ला नेपालीलाई चिन्ला ।।

एक कोटी नेपालीको भाग्य रेखा यै हो
हात छिन्छ नेपालका पाखा चउर भीर ।
बाटो खन मेची काली नबनी अजिर ।।

यो बाटोको गीत पहिले राजाले नै गाए
यो बाटोको डोब पहिले राजाले नै लाए ।
बोक बोक नेपाली हो कुटो र कोदाली
जोर अब नेपाली हो मेचीदेखि काली ।।

पूर्व शक्तिखट्टा देखि पश्चिम वनवास
पहाड तराई खोंच खोंचै बाटो बनाउ खासा ।
पहरामा छिनो ठोक बोक ईंट माटो
मेचीदेखी महाकाली खन नयां बाटो ।।

उद्योग र उन्नतिको मूलद्वार यै हो
भविष्यको दैलो पोत्ने नयाँ ज्योति यै हो ।
जस्ले बाटो खन्यो उस्ले सुनको धुरी लायो
बाँचेसम्म सुख शान्ति मरे स्वर्ग पायो ।।

आज खन यो बाटोमा सूनको युग हिँडछ
आज खन यो बाटोमा जूनको सिप अडछ ।
बाटो बने विकासले नौलो प्रीति लाउँछ
बाटो खन इतिहासले तिम्रो गीत गाउँछ ।।

श्री ५ को सरकार,
पञ्चायत मन्त्रालय,
प्रचार विभाग ।

मुद्रक:- श्री ५ को सरकारको छापाखाना
काठमाडौं, नेपाल ।